# वालिङ नगरपालिका कार्यालय
## वालिङ, स्याङजा ।

## सवारी साधनको लिलाम बढाबढको सार्वजनिक आव्हानको सूचना
### प्रथम पटक प्रकाशित मितिः २०७१।११।२०गते

यस कार्यालयको नाउमा रहेको निम्न सवारी साधनको लिलाम बढावढको माध्यमद्धारा लिलम गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनको भोलिपल्ट लिलाम बढावढ हुने स्थान मिति र समयमा स्वयम तथा प्रतिनिधि उपस्थित भई बढावढको अंक कवोल गर्नको लागी सम्वन्धीत सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१) लिलाम हुने सवारी साधनहरुको विवरणः (क) ग.अ.ग.५३ नं.को टाटा ट्रक थान १ पुरानो (कवाडीको हालतमा रहेको) (ख) मोटरसाईकलहरु थान-२ पूरानो (कवाडीको हालतमा रहेको)

२) लिलाम हुने मालसानको न्यूनतम मूल्य
(क) ग.अ.ग. ५३ नं. को टाटा ट्रकको रु.९००००।० (अक्षरुपी नब्बे हजार) मात्र तर नियमानुसार सो मुल्यमा सरकारी कर भने लाग्नेछ ।
ख) बा १ ब २०४ होन्डा जापानिज मोटरसाईकलको रु.३०००। (अक्षेरुपी तीन हजार) मात्र तर नियमानुसार सो मुल्यमा सरकारी कर भने लाग्नेछ ।
ग) ग १ प ५२५० स्पिलिन्डर मोटरसाईकल को रु. २५००।० (अक्षरुपी दुई हजार पांच सय) मात्र नियमानुसार सो मुल्यमा सरकारी कर लाग्नेछ ।

३) लिलाम बढाबढ हुने स्थान मिति र समजको सर्न्दभमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनको र भोलीपल्ट १६ औ दिन यस नगरपालिका कार्यालयको कम्पाउण्ड भित्र मिति २०७१।१२।५ गते दिनको २.०० वजे देखी ४.०० वजे सम्म हुनेछ ।

४) न्यूनतम मूल्य भन्नाने माथी उल्लेखीत मूल्यलाईनै आधार मानी सो भन्दा माथी बढाबढको आधारमा अन्तिम मूल्य कायम हुनेछ ।

५) लिलाम सकार गर्ने डांक बोल्नु अघि नै बोलिएको अकंको पांच प्रतिशतले हुन आउने नगदै रकम नदगै धरौटी राख्नु पर्ने र डांक अंक बढ्दै गएमा सोही अनुपातमा धरौटी पनि थप गर्दै जानु पर्नेछ ।

६) लिलाम सकार गरेको मालसामान लैजानु पर्ने समय अवधि भने निजले डांक कवोल गरेको रकम नियमानुसार कर समेतको रकम नेपाल वैक लिमिटेड शाखा कार्यालय वालिङ स्थित यस कार्यालयको खाता नं. ५०५ मा जम्मा गरेको वैक भौचर तथा राजश्व शाखामा नगदै जम्मा गरेको मितिले १५ (प्रन्ध्र) दिन भित्र लैजानु पर्ने छ । तर विविध कारणले कारण सहित निवेदन दिएमा दुवै पक्षको आपसी सहमतीमा तत्कालै लैजान वा समय बढाउन भने सकिने छ ।

७) यस सूचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र नेपाल सरकारको प्रचलित कानून अनुसार हुने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

[signature] ७१।११।१९